लेटाङ नगरपालिका

स्थानीय राजपत्र

खण्डः९ संख्याः४ मितिः२०८२।०४।३०

भाग -२

लेटाङ नगरपालिका

निःशुल्क कृत्रिम गर्भाधान सञ्चालन कार्यविधि,२०८१

लेटाङ नगरपालिका, मोरङ

निःशुल्क कृत्रिम गर्भाधान सञ्चालन कार्यविधि,२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।२६

प्रमाणीकरण मितिः २०८१।१२।२८

प्रस्तावना

नगरपालिकाको समग्र बिकासका लागि पशुपालन क्षेत्रलाई प्राथमिकता दिइ उन्नत जातिय पशु नश्ल सुधार तथा व्यवसायिक पशुपालनमार्फत आर्थिक विकास र पशुजन्य उत्पादनमा आत्मनिर्भर बन्न, लागत घटाइ आय वृद्धि गर्न प्रविधिको उपयोग बढाउने कार्यमा पशुपालक कृषकलाई उत्प्रेरित र सहयोग गर्न कृत्रिम गर्भाधान सहज र प्रभावकारी बनाउन नगरपालिकाबाट निःशुल्क गरी सेवा प्रभावकारी बनाउन कार्यविधि आवश्यक भएकोले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमीत गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी निःशुल्क कृत्रिम गर्भाधान सञ्चालन कार्यविधि,२०८१जारी गरीएको छ।

परिच्छेद- १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "निःशुल्क कृत्रिम गर्भाधान सञ्चालन कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि लेटाङ नगरपालिका भर लागु हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः (१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "उपचार सेवा" भन्नाले पशु सेवा संग सम्बन्धित गरिने सम्पुर्ण उपचार सेवा सम्झनु पर्दछ।

ख) "कार्यक्रम" भन्नाले पशुपालन संग सम्बन्धित विभन्न कार्यक्रमहरूलाई संम्झनु पर्छ।

ग) "कार्यपालिका" भन्नाले लेटाङ नगरकार्यपालिका मोरङलाई सम्झनु पर्दछ।

घ) "कृत्रिम गर्भाधान" भन्नाले गाईले साँढे खोजेको १२ देखी १८ घन्टा भित्र र भैसीले रागो खोजेको १८ देखि २० घन्टा भित्र कृत्रिम तरीकाले गर्भाधारण गर्ने प्रकृयालाई सम्झनु पर्दछ।

ङ) "कृषक" भन्नाले लेटाङ नगरपालिका भित्र अस्थाई वा स्थाई तरीकाले बसोवास गर्ने सम्पुर्ण किसानहरूलाई सम्झनु पर्दछ।

च) "कृषक समुह" भन्नाले लेटाङ नगरपालिकामा नियम अनुसार दर्ता वा सो भन्दा अघी बिषयगत रुपमा दर्ता भएका सम्पुर्ण किसानहरूलाई सम्झनु पर्दछ।

छ) "नगर उप प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

ज) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिका मोरङलाई सम्झनु पर्दछ।

झ) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

ञ) "पशु अस्पताल" भन्नाले लेटाङ नगरपालिकाको पशु सेवा शाखा अन्तरगत रहेको पशु अस्पताल सम्झनु पर्दछ।

ट) "पशुपन्छी" भन्नाले घर पालुवा रुपमा पालिने सम्पुर्ण जनवारहरूलाई सम्झनु पर्दछ।

ठ) "पशु स्वास्थ्य प्राविधिक" भन्नाले लेटाङ नगरपालिका अन्तरगत कार्यरत पशु सेवाका करार स्थायी र ज्यालादारीका स्वास्थ्य प्राविधिक कम्तीमा भेटेरीनरी साइन्समा ३ बर्षे वा १० जोड २ गरेको प्राईभेट प्रावीधीक र पशु चिकित्सक सम्झनु पर्दछ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ढ) "प्रस्तावना" भन्नाले संघ प्रदेश स्थानिय सरकार वा अन्य बिभिन्न निकायबाट आह्वान भएका सूचना समेतलाई जनाउदछ।

ण) "लक्षित बर्ग" भन्नाले लेटाङ नगरपालिका भित्र बसोबास गर्ने विभिन्न बर्गका किसानहरूलाई सम्झनु पर्दछ।

त) "शाखा" भन्नाले लेटाङ नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ।

३. कार्यक्रमको उदेश्य

क) नगरपालिका भित्र पुर्ण रुपमा नि शुल्क कृत्रिम गर्भाधानको माध्यम बाट नश्ल सुधार गरि दुध तथा मासु जन्य पदार्थको उत्पादन बृध्दि गरि नर्वाहमुखी पशुपालन व्यवसायलाई ब्यबसायिक र नाफामुखी बनाउने।

ख) प्रजनन विकृतिबाट हुन सक्ने क्षतीलाई कम गर्ने।

परिच्छेद- २

बजेट व्यवस्थापन

४. **सेवा सुविधा तथा वितिय व्यबस्थापनः** (१) कृषकलाई गाई भैसीको कृत्रिम गर्भाधानको लागि दर्ता शुल्क रू ५०। बाहेक अन्य कुनै शुल्क लाग्ने छैन।

(२) नगरपालिकाले वार्षिक बजेटमा निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमका लागि बजेटको व्यवस्था गर्ने छ।

(३) वार्षिक बजेट कार्यान्वयन गर्न मापदण्ड तथा कार्यविधि नगर कार्यापालिकाले गर्नेछ। सोही आधारमा बजेट व्यवस्था गर्नुपर्नेछ।

(४) नगरपालिकाले कृत्रिम गर्भाधानको लागि यस खण्डमा तोकिए बमोजिमको खर्च गर्नुपर्नेछ।

क) पशु प्राविधिक वा चिकित्सक मार्फत कृषकको घरदैलेमा गई कृत्रिम गर्भाधान सेवा प्रदान गरेमा सेवा प्रदायक पशु प्राविधिक वा चिकित्सकहरूलाई देहाय बमोजिमको प्रोत्साहन वापतको सुविधा कार्यलयबाट उपल्वध गराईने तथा प्राविधिकहरूलाई नगरको इन्धन मापदण्डका अतिरिक्त मासिक १५ लीटर वा ३० लिटरमा नबढ्ने गरी ईन्धन प्रोत्साहन सुविधाका रूपमा उपलब्ध गराईने छ। प्रोत्साहन लिनको लागि चिकित्सक वा प्राविधिकहरूले अनुसुची १ बमोजिमको फर्मलाई प्रमुख प्रसासकिय अधिकृत बाट प्रमाणीत गराई अर्थीक प्रसासन शाखामा पेश गर्नु पर्दछ।

ख) निःशुल्क कृतिम गर्भाधान गराएबापत पशु चिकित्सक वा प्राविधिकलाई प्रोत्साहन भत्ताको रकम देहाय अनुसार प्रदान गरिनेछः

क्रस	गाइ र भैसीको निःशुल्क गर्भाधान गराएको कृषकको घर गोठ रहेको क्षेत्र वा स्थान	प्रति गोटा प्रोत्साहन रकम	कैफियत
१	पशु अस्पताल लेटाङ नगरपालिका ४	निःशुल्क	
२	लेटाङ नगरपालिकाको समथर तराई क्षेत्रका भू भाग अर्थात लेटाङ नगरपालिका वडा नं २, ३, ४, ५ र ९ का सबै भूभाग र वडा नं १, ६, ७ र ८ को पहाडको फेदी	रु ६००	

	सम्म र आसपासका क्षेत्र र भैसीको कृत्रिम गर्भाधान प्रति गोटा		
३	लेटाङ नगरपालिकाको पहाडी क्षेत्रका भू भाग अर्थात लेटाङ नगरपालिका वडा नं १, ६, ७ र ८ को पहाडको फेदी आसपास बाहेकको पहाडी क्षेत्र	रु ८००	

नोटः नगरको प्राविधिक बाहेक अन्य सेवा करारबाट समेत कामकाज गराउन सकिनेछ।

५. **सेवा सुविधा तथा भुक्तानी सम्बन्धि व्यबस्थाः** (१) यो कार्यक्रम लागु भएपछि कार्यविधि अनुसार प्रत्येक महिना अनुसूची १ अनुसार मासिक प्रतिवेदन प्रमुख प्रसासकिय अधिकृत बाट प्रमाणीत गराई अर्थीक प्रसासन शाखामा पेश भए पश्चात मात्र कार्यविधिमा उल्लेख भए अनुसारको रकम भुक्तानी हुनेछ।

परिच्छेद- ३

व्यवस्थापन समिति र काम कर्तव्य सम्बन्धी व्यवस्था

६. कार्यक्रमलाई व्यवस्थित गर्न नगरस्तरमा देहाय बमोजिम समिति रहने छः (१) कार्यक्रम व्यवस्थापन समिति देहाय अनुसार हुनेछ।

क) नगर प्रमुख अध्यक्ष

ख) नगर उपप्रमुख सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) आर्थिक बिकास संयोजक सदस्य

ङ) कृत्रिम गर्भाधान कर्ताहरू मध्ये समितिले मनोनित गरेको १ जना सदस्य

च) सम्बन्धित बिषयगत शाखा प्रमुख सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधी ३ वर्षको हुने छ तर समितिमा निर्वाचित पदाधिकारीको पदावधी समाप्त भई नयाँ समिति सदस्य आउदा समितिले नयाँ सदस्य मनोनित गर्न बाधा पर्ने छैन।

७. **समितिको काम कर्तव्यः** (१) समितिले पशुपंछी विकास र उत्पादन लागत घटाउन र आम्दानी बढाउन र निःशुल्क कृत्रिम गर्भाधान लगायत अनुदान र वितरणका कार्यक्रमहरूको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन सम्बन्धी निम्म कार्यहरू गर्नेछ।

क) पशुपालनका क्षेत्रहरू पकेटहरू पहिचान, अभिलेखीकरण र विकासका कार्यहरू पहिचान गर्ने

ख) कृत्रिम गर्भाधानको माग आवश्यकता औचित्य किसान सम्म अभिमुखीकरण गरी कार्यक्रम कार्यान्वयनको योजना तयार गर्ने

ग) कृत्रिम गर्भाधान सम्बन्धी नीति, बजेट र कार्यक्रमहरू तयार र कार्यान्वयन गर्ने

घ) निःशुल्क कृत्रिम गर्भाधानको विभिन्न मोडेलहरू विकास गर्ने र प्रयोग गर्ने

ङ) पशु नश्ल सुधारका लागि गुणस्तरीय सिमेनको व्यवस्थापन गर्ने

च) कृत्रिम गर्भाधानको कार्यक्रम सञ्चालन गर्न आवश्यक औजार उपकरण, प्राविधिक कर्मचारीको अभाव हुन व्यवस्थापन गर्ने

छ) आवश्यक बजेट व्यस्थापनका लागि योजना र कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने

ज) कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न कर्मचारी, जननिर्वाचित प्रतिनिधि, प्राविधिक जनशक्तिको सहभागितामा गर्ने र गराउने

झ) कार्यक्रमको प्रभावकारीता, लाभको आधारमा सुधार वा निरन्तरताका लागि कार्यमापालिकामा सुझाव दिने।

८. **पशु स्वास्थ्य प्राविधिकको व्यवस्था र काम कर्तव्यः** (१) निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम प्रभावकारी बनाउन नगरपालिकाकामा नियुक्ति भएका स्थायी, करार वा दैनिक ज्यालादारीका प्राविधिक वा पशु चिकित्सकहरूलाई उपयोग गरिने छ।

(२) पशु स्वाश्थ्य प्राविधिक कर्मचारीको काम कर्तव्य र जिम्मेवारी कार्य विवरणमा उल्लेख भएको बाहेक देहाय अनुसार हुनेछः

क) पशुपालन कृषकको अभिलेख अध्यावधिक गरी समितिमा पेश गर्ने

ख) नश्ल सुधारका लागी कृत्रिम गर्भाधान सबै वडाका कृषकहरूको घर घरमा सेवा पुर्याउन प्राविधिक सेवा दिने

ग) पशु सेवा विस्तारका लागी उन्नत प्रविधि प्रसार गरी गाई भैसी र बाख्रामा अनिवार्य रुपमा कृत्रिम गर्भाधान गराउनको लागी प्रसार कार्य गर्ने

घ) कृत्रिम गर्भाधान गरेकको पहिलो ३ महिनामा गर्भ परिक्षण गर्ने

ङ) कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने औजार र उपकरण तथा औषधीको संरक्षण र उपयोग गर्ने र दुरूपयोग नगर्ने

च) कृषकलाई पशुपालनमा व्यवसायीकरण गर्न उत्प्रेरित गर्ने

छ) प्राविधिक वा पशु चिकित्सकहरूले कृत्रिम गर्भाधान गरे वापत तोकिएको राजश्व (रु २५ वा तोकिएको) कृषकसँग लिने र कार्यलय वा वडामा पुग्नासाथ दाखिला गरी किसानलाई समेत उपलव्ध गराउने,

ज) नगरपालिका भित्र कृत्रिम गर्भाधान गरिएका सम्पुर्ण पशुहरूको यकिन तथ्याङ्क अनुसूची १ अनुसारको ढाँचामा तयार गरी सम्बन्धित शाखामा मासीक रूपमा प्रतिवेदन पेश गर्ने र चौमासिक रूपमा रकम माग गर्नु पर्नेछ।

९. अभिलेख तथा प्रगति प्रतिवेदन

क) यस कार्यक्रमले निर्धारण गरेको सम्पुर्ण अनुसूची अनुसारको कागज पत्रहरू व्यवस्थापन गर्ने सम्बन्धीत बिषयगत शाखाले गर्नु पर्ने छ।

ख) चौमासीक र बार्षीक रूपमा सम्बन्धित बिषयगत शाखाले नगर कार्यपालिकामा पेश गर्नु पर्ने छ।

परिच्छेद- ४ विविध

१०. बाधा अडकाउ फुकाउनेः (१) यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउन संशोधन गर्नेछ।

(२) यो कार्यबिधिलाई आवशक्ता अनुसार नगरकार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ।

११. दण्ड सजाय र जरिवाना सम्बन्धी व्यवस्थाः (१) यो कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन कार्यविधिमा उल्लेख भएकोमा सोही अनुसार नखुलेको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) गलत विवरण दिइ वा कार्यविधि उल्लघन गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

अनुसूची १

दफा ४ को ३ सँग सम्बन्धित

चौमासीक प्रगति प्रतिवेदन २०८..... महिना देखि ..... महिना सम्मको

क्र.स	कृषकको नाम थर	ठेगना		पहाड वा तराई क्षेत्र	गाई वा भैसी	राजस्व रसिद न	सम्पर्क न.	कृतृम गर्भाधान गराएको मिति	कृ.ग समय	सिमेन नम्बर वा कोड	कृषकको हस्ताक्षर
		वडा	टोल								

पुनश्चः प्रत्येक प्राविधिकले एउटा रो मा एक पशुको विवरण भर्ने र प्रति प्राविधिक अलग अलग भरी कृषकको हस्ताक्षर गराएर प्रोत्साहन भत्ताका लागि पेश गर्नु पर्नेछ।

पेश गर्ने	सिफारिस गर्ने	प्रमाणीत गर्ने
कर्मचारीको नाम	शाखा प्रमुख	प्रमुख प्रसासकिय अधिकृत
दस्तखत		दस्तखत
मिति		मिति

आज्ञाले
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२।०४।३०